धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी, नेपाल

नगर कार्यपालिका बैठक, बैठक संख्या ०२/०८३/८४

आज मिति २०८३ साल श्रावण ४ गते, सोमबार बिहान ७:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक कार्यवाहक नगर प्रमुख श्री अइन्द्र विक्रम बेघाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

उपस्थिती:

| क्र.स. | नाम | पद | कार्यालय/वडा | हस्तखत |
|---|---|---|---|---|
| १. | श्री अइन्द्र विक्रम बेघा | कार्यवाहक नगर प्रमुख | धउमनपा | |
| २. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ३. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ४. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ५. | श्री राजेन्द्र राई | का.वा. वडा अध्यक्ष | धरान-४ | |
| ६. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ७. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ८. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| ९. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| १०. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| ११. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १२. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १३. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १४. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १५. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १६. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १७. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १८. | श्री मनिष विष्ट | का.वा वडा अध्यक्ष | धरान-१७ | |
| १९. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २०. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २१. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २२. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २३. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २४. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २५. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २६. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २७. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २८. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २९. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३०. | श्री तीर्थराज राई | प्रमुख प्रशासकीय अधिकृत | धउमनपा | |
| क्रस | नाम | पद | | दस्तखत |
| १ | श्री गणेश प्रसाद खतिवडा | प्रशासन महाशाखा प्रमुख | धउमनपा | |

१. **बैठकको गणपुरक संख्या सम्बन्धमा।**

यस उपमहानगरपालिकाको कार्यपालिका बैठकमा २९ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २२ जना सदस्यहरुको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुँदा अध्यक्षबाट बैठक सुरु भएको जानकारी भयो।

२. **अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा।**

मिति २०८३ जेष्ठ २२ गते बसेको अघिल्लो कार्यपालिकाको बैठकमा विविध सहित जम्मा २३ वटा निर्णयहरु भएका थिए। उक्त निर्णयहरु मध्ये केही कार्यान्वयन भइसकेका र केही कार्यान्वयनको चरणमा रहेको विषय बैठकमा जानकारी भयो।

३. **आ.व. २०८३/८४ का लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा।**

आ.व. २०८३/८४ का लागि वार्षिक नीति तथा बजेट तर्जुमा गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार नगर प्रमुखको संयोजकत्वमा गठित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार पारी आजको बैठकमा पेश भएको स्रोत अनुमान तथा बजेट सीमा सम्बन्धमा विस्तृत छलफल भयो। सो स्रोत अनुमान तथा बजेट सीमालाई स्वीकृत गरी बजेट तर्जुमा गर्ने निर्णय गरियो। स्वीकृत स्रोत अनुमान तथा बजेट सीमाको प्रतिवेदन प्रमाणित गरी पछाडि पानामा टाँस गरिएको छ।

४. **नगर सभा सम्बन्धमा।**

यस धरान उपमहानगरपालिकाको १९ औं नगर सभा मिति २०८३ श्रावण २१ गते, बिहान १०:०० बजे, विहीबारका दिन धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा आव्हान गर्ने निर्णय गरियो।

५. **ट्रायल सेन्टरको जग्गा सम्बन्धमा।**

धरानमा सवारी साधनको ट्रायल सेन्टर खोल्न आवश्यक उचित जग्गा सिफारिस गर्न मिति २०८२/१२/२६ गतेको कार्यपालिका बैठकबाट वडा नं. १५ का वडाध्यक्ष श्री नरेश कुमार इवारमज्यूको संयोजकत्वमा गठन भएको समितिबाट पेश भएको प्रतिवेदन अनुसार धरान उपमहानगरपालिकाको नाममा ससरंगी पार्क भनि दर्ता भएको हाल धरान-१७ साविक घोपा २(क) कित्ता नं.१ को एन्फा टेक्निकल सेन्टर भन्दा उत्तर पट्टिको ६-१९-१५.५ क्षेत्रफल रहेको खाली जग्गा मध्येबाट १-१०-० (डेढ विगा) जग्गामा ट्रायल सेन्टर निर्माण गर्ने निर्णय गरियो।

६. **खरिद प्रक्रिया रद्द गर्ने सम्बन्धमा।**

यस उपमहानगरपालिकाबाट तपसिलका योजनाहरु कार्यान्वयन गर्ने क्रममा खरिद प्रक्रिया अगाडि बढाइएको तथा केही आयोजनाको सम्झौता समेत भइसकेकोमा विविध कारणहरुले खरिद प्रक्रिया रद्द गर्नुपर्ने भएको हुनाले तपशिलका आयोजनाहरुको खरिद प्रक्रिया रद्द गर्ने निर्णय गरियो।

**(क) नाष्ट भवन निर्माण, धरान-१७ (ठेक्का नं. 25/DHARAN/WORKS/NCB/082/83) को खरिद प्रकृया रद्द गर्ने सम्बन्धमा ।**

धरान-१७ मा नाष्टको कार्यालय भवन बनाउन मिति २०८२।०९।१६ को निर्णयानुसार रु. ३४,९६,११२।९७ को लागत अनुमान स्वीकृत भई बोलपत्र आव्हान भएकोमा मूल्यांकन समितिबाट मूल्यांकन गर्दा श्री एकता निर्माण सेवा, धरानको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र भएको साथै उक्त बोलपत्रदाताले कार्यालयबाट स्वीकृत स्टिमेटभन्दा ३०.०१% घटी रकम कबोल गरेको पाइएकाले मिति २०८२।१०।२५ को मूल्यांकन समितिको सिफारिस अनुसार स्वीकृतिका लागि कार्यालयसमक्ष सिफारिस भएकोमा यस अघि सोही भवनका लागि भनि गरिएको खर्चमा एकमुष्ठ लागत अनुमान तयार गरेर मात्र ठेक्का प्रक्रियामा जान आ.व. २०८१/८२ को अन्तिम लेखा परीक्षणबाट सुझाव प्राप्त भएको हुनाले सोही सुझावको आधारमा उक्त आयोजनाको एकमुष्ठ लागत अनुमान तयार गरी एकमुष्ठ लागतको स्रोत सुनिश्चित गरेर मात्र खरिद प्रकृयामा जाने गरी ठेक्का नं. **25/DHARAN/WORKS/NCB/082/83** को सम्पूर्ण खरिद प्रकृया रद्द गर्ने निर्णय गरियो ।

**(ख) तरकारी बजार सेड निर्माण, धरान १८ ( ठेक्का नं. 08/DHARAN/WORKS/NCB/081/082) को ठेक्का सम्झौता रद्द गर्ने सम्बन्धमा ।**

धरान-१८ मा तरकारी बजार सेड निर्माण गर्न मिति २०८१।०८।१५ को निर्णयानुसार ठेक्का नं. 08/DHARAN/WORKS/NCB/081/082 को बोलपत्र आव्हान भएकोमा मिति २०८१।१०।२० मा धरान उपमहानगरपालिका र श्री न्यू थापा निर्माण सेवा, धरान बीच सम्झौता भई निर्माण कार्य प्रारम्भ गर्ने बेलामा श्री वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट सम्मानित उच्च अदालत विराटनगरमा धरान उपमहानगरपालिका नगर कार्यपालिका, नगर प्रमुख र जिल्ला प्रशासन कार्यालय, इनरुवा, सुनसरी विरुद्ध रिट दायर भई सम्मानित उच्च अदालत विराटनगरको मिति २०८१।११।१९ को निर्णय नं. १०५४ अनुसार उक्त तरकारी बजार निर्माण गर्न प्रस्ताव गरिएको जग्गा वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको नाममा रहेको कित्ता नं. १३ भित्र पर्ने भएकोले उक्त जग्गामा अनधिकृत रुपमा प्रवेश गर्ने, तरकारी बजार स्थापना गर्ने, लिजमा दिने, कब्जामा लिने, निवेदकलाई भोगाधिकारबाट बञ्चित गर्ने, भौतिक संरचना निर्माण गर्ने लगायतका निवेदकको साम्पत्तिको अधिकारमा आघात पुग्ने कुनै पनि कार्य नगर्नु नगराउनु भनी धरान उपमहानगरपालिकाको नाममा

कार्यसम्पादन जमानत फुकुवा गरिदिन सम्बन्धित निर्माण व्यवसायी श्री न्यू थापा निर्माण सेवाबाट समेत मिति २०८३।०२।०८ मा निवेदन दर्ता भएको हुनाले उक्त ठेक्का सम्झौता रद्द गर्ने निर्णय गरियो ।

**(ग) संघीय बिशेष अनुदानबाट संचालनका लागि आव्हान गरिएको श्री भगवती आधारभूत विद्यालय भवन निर्माण, धरान-१६ )Contract ID: 29/DHARAN/WORKS/NCB/082/83) को खरिद प्रक्रिया रद्द गर्ने सम्बन्धमा ।**

श्री भगवती आधारभूत विद्यालय भवन निर्माण, धरान-१६ (Contract ID: 29/DHARAN/WORKS/NCB/082/83) को बोलपत्रका सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ तथा प्रचलित सार्वजनिक खरिद नियमावली बमोजिम बोलपत्र मूल्याङ्कन प्रक्रिया सम्पन्न भई न्यूनतम मूल्य कबोल गर्ने सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाता कायम भएको देखिए तापनि उक्त आयोजनाको बोलपत्र आव्हान गर्दा Standard Bidding Document मा कार्य सम्पन्न गर्ने अवधि १२ (बाह्र) महिना निर्धारण गरिएको र हाल चालु आर्थिक वर्षको बाँकी अवधिमा BOQ बमोजिमका सम्पूर्ण कार्य सम्पन्न गरी आयोजनाको उद्देश्य अनुरूप कार्यान्वयन गर्न पर्याप्त समय उपलब्ध नरहेको साथै उक्त आयोजनाका लागि नेपाल सरकारको विशेष अनुदान अन्तर्गत चालु आर्थिक वर्षमा प्राप्त बजेट सोही आर्थिक वर्षभित्र खर्च गरिसक्नुपर्ने कानुनी व्यवस्था रहेको, आयोजना निर्धारित अवधिभित्र सम्पन्न हुन नसक्ने अवस्थामा आगामी आर्थिक वर्षमा सोही प्रयोजनका लागि बजेट सुनिश्चित हुने अवस्था नरहेको तथा बाँकी वित्तीय दायित्व यस उपमहानगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्न सक्ने सम्भावना नरहेकोले बोलपत्र स्वीकृत गरी सम्झौता गर्दा नगरपालिकालाई थप वित्तीय दायित्व सिर्जना हुने तथा सार्वजनिक स्रोतको मितव्ययी, प्रभावकारी र उत्तरदायी उपयोगको सिद्धान्तसमेत प्रभावित हुने देखिएकोले मिति २०८३/०३/१८ को श्री भगवती आधारभूत विद्यालय धरान-१६ को प्राप्त पत्र अनुसार पनि आ.व. २०८२/८३ मा सम्पन्न हुनु पर्ने विद्यालयको थप भवनको निर्माण कार्य हालसम्म पनि सुरु नभएको अवस्थामा तत्काललाई नव निर्मित भवनका कोठाहरु कक्षाकोठाको रुपमा प्रयोग गर्दै पुराना ब्लकहरु समेत मर्मत गरी विद्यालयको तत्कालको भवनको आवश्यकता पुरा गरी रहेको अवस्था जानकारी प्राप्त भएकोले उक्त पत्रमा माग भए बमोजिम थप विद्यालय भवन बाहेक विद्यालयलाई हाल अत्यावस्यक देखिएको विद्यालयको खेल मैदान
सुधार, कम्पाउण्ड वाल निर्माण, शौचालय लगायतका पुराना ब्लकहरुको मर्मत सम्भार साथै अन्य पुरक पूर्वाधारहरुका लागि संघीय सरकार र प्रदेश सरकारसँग प्राथमिकताका साथ योजना माग गर्दै आगामी आ.व. हरुमा सम्बोधन गर्दै जाने गरी प्रस्तुत आयोजनाको विद्यमान प्राविधिक अवस्था, उपलब्ध कार्य अवधि, विशेष अनुदानको बजेट सीमा, स्रोत सुनिश्चितताको अभाव, नगरपालिकामा पर्न सक्ने अतिरिक्त वित्तीय दायित्व एवम सम्बन्धित विद्यालयको पत्रलाई समेत समग्र रूपमा विचार गर्दा हालको अवस्थामा बोलपत्र स्वीकृत गरी सम्झौता गर्नु सार्वजनिक हित तथा नगरपालिकाका लाई पर्ने वित्तीय दायित्वको कारण सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ तथा प्रचलित सार्वजनिक खरिद नियमावलीबमोजिम "श्री भगवती आधारभूत विद्यालय भवन निर्माण, धरान-१६" (Contract ID: 29/DHARAN/WORKS/NCB/082/83) सम्बन्धी सम्पूर्ण खरिद प्रक्रिया रद्द गर्ने निर्णय गरियो।

**(घ) कोशी प्रदेश सरकारको सशर्त अनुदानबाट सञ्चालनका लागि आव्हान गरिएको धरान खानेपानीको लागि बूस्टर पम्प जडान कार्य (ठेक्का नं. 09/DHARAN/GOODS/NCB/082/83) को खरिद प्रकृया रद्द गर्ने सम्बन्धमा ।**

धरान उपमहानगरपालिकाबाट आ.व. २०८२/८३ मा सञ्चालन गरिएको "Dharan Khanepaniko Lagi Booster Pump Jadan Karya" सम्बन्धी ठेक्का नं. 09/DHARAN/GOODS/NCB/082/83 को हालसम्मको सम्पूर्ण खरिद प्रक्रिया, बोलपत्र मूल्याङ्कन प्रतिवेदन, खरिद शाखाबाट पेश भएको टिप्पणी, सम्बन्धित बोलपत्रदाताहरूबाट प्राप्त पुनरावलोकन तथा कागजात अवलोकन सम्बन्धी निवेदनहरू, मिति २०८३।०३।०४ गते दुवै बोलपत्रदातासँग सम्पन्न छलफल तथा प्रस्तुत राय-सुझाव समेतलाई मध्यनजर गर्दै छनोट नभएको बोलपत्रदाताबाट पटक-पटक परेका पुनरावलोकन तथा कागजात अवलोकन सम्बन्धी निवेदनका कारण खरिद प्रक्रिया लामो समयसम्म विलम्बित भएको, दुवै पक्षबीचको विवाद समाधान हुन नसकेको, खरिद सम्झौता कार्यान्वयनमा थप कानुनी जटिलता तथा जोखिम रहने अवस्था देखिएको तथा चालु आर्थिक वर्ष २०८२/८३ भित्र खरिद सम्झौता, सामान आपूर्ति, जडान, परीक्षण, भुक्तानी तथा फरफारक लगायतका सम्पूर्ण कार्य सम्पन्न हुन नसक्ने अवस्था रहेकोले सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा बोलपत्र सम्बन्धी कागजातको Instructions to Bidders (ITB) Clause 38.1 (Purchaser's Right to Accept Any Bid, and to Reject Any or All Bids) बमोजिम खरिदकर्तालाई सम्झौता हुनुअघि कुनै पनि समयमा सम्पूर्ण बोलपत्र अस्वीकार गरी खरिद प्रक्रिया रद्द गर्न सक्ने अधिकार रहेको हुँदा "Dharan Khanepaniko Lagi Booster Pump Jadan Karya" सम्बन्धी ठेक्का नं. 09/DHARAN/GOODS/NCB/082/83 को सम्पूर्ण खरिद प्रक्रिया रद्द गर्ने निर्णय गरियो।

(ङ) **संघीय विशेष अनुदानबाट सञ्चालनका लागि आव्हान गरिएको आधारभूत खानेपानी आपूर्ति अन्तरगत इलेक्ट्रोमेकानिकल सामान खरिद (बुस्टर पम्प र जेनेरेटर) (Contract ID: 08/DHARAN/GOODS/NCB/082/83) को खरिद प्रकृया रद्द गर्ने सम्बन्धमा ।**

धरान उपमहानगरपालिकाबाट आ.व. २०८२/८३ मा सञ्चालन गरिएको "Aadharbhut Khanepani Aapurti Antargat Electromechanical Saman Kharid" (Contract ID: ०८/DHARAN/GOODS/NCB/०८२/८३) सम्बन्धी खरिद कार्यको हालसम्मको सम्पूर्ण प्रक्रिया, खरिद शाखाबाट पेश भएको टिप्पणी, बोलपत्र मूल्याङ्कन प्रतिवेदन, सम्बन्धित बोलपत्रदाताहरूबाट प्राप्त पुनरावलोकन तथा कागजात अवलोकन सम्बन्धी निवेदनहरू, मिति २०८३।०३।०४ गते दुवै बोलपत्रदातासँग सम्पन्न छलफल तथा प्रस्तुत राय–सुझावलाई समेत मध्यनजर गर्दै छलफलबाट पटक–पटक परेका निवेदनका कारण खरिद प्रक्रियामा लामो समयसम्म बिलम्ब भएको, दुवै पक्षबीचको विवाद समाधान हुन नसकेको, खरिद सम्झौता कार्यान्वयनमा थप कानूनी जटिलता तथा जोखिम रहने अवस्था देखिएको, साथै चालु आर्थिक वर्ष २०८२/८३ भित्र खरिद सम्झौता, सामान आपूर्ति, जडान, परीक्षण, भुक्तानी तथा फरफारक लगायतका कार्य सम्पन्न हुन नसक्ने अवस्था रहेकोले सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा बोलपत्र सम्बन्धी कागजातको Instructions to Bidders (ITB) Clause ३८.१ (Purchaser's Right to Accept Any Bid, and to Reject Any or All Bids) बमोजिम खरिदकर्तालाई सम्झौता हुनु अघि कुनै पनि समयमा सम्पूर्ण बोलपत्र अस्वीकार गरी खरिद प्रक्रिया रद्द गर्न सक्ने अधिकार रहेको हुँदा "Aadharbhut Khanepani Aapurti Antargat Electromechanical Saman Kharid" (Contract ID: ०८/DHARAN/GOODS/NCB/०८२/८३) सम्बन्धी सम्पूर्ण खरिद प्रक्रिया रद्द गर्ने निर्णय गरियो।

७. **मदन भण्डारी राजमार्ग मापदण्ड निर्धारण सम्बन्धमा सुझाव पेश गर्न गठित समितिको प्रतिवेदन सम्बन्धमा।**

मदन भण्डारी राजमार्गको सुझाव पेश गर्ने मिति २०८३/०२/२२ गते बसेको कार्यपालिका बैठकको निर्णयानुसार वडा नं. ८ को वडाध्यक्ष श्री धनबहादुर राईज्यूको संयोजकत्वमा गठन भएको सुझाव समितिले पेश गरेको प्रतिवेदन आजको बैठकमा पेश भयो। उक्त प्रतिवेदनका विषयमा विस्तृत अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

८. **संसरंगी पार्कमा रहेका सुकेका रुखहरु लिलाम बिक्री गर्ने सम्बन्धमा।**

धरान-१७ स्थित संसरंगी पार्कमा रहेका सिसौं, शिरीष लगायतका विभिन्न जातका बिरुवाहरु सुकेका र लडेका सहित बर्षातको पानीले कुहुने अवस्थामा रहेकाले वडा नं ११ को वडाध्यक्ष श्री लोकेन्द्र कुमार फागुज्यूको संयोजकत्वमा तपसिल बमोजिमको सदस्यहरु रहने गरी प्राप्त प्रतिवेदनको आधारमा डिभिजन वन कार्यालयसँग समन्वय गरी लिलाम बिक्री गर्नेका लागि आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

**तपसिल**

क. संयोजक- लोकेन्द्र कुमार फागु, वडाध्यक्ष, धरान-११

ख. सदस्य- मनिष विष्ट, कार्यवाहक वडाध्यक्ष, धरान-१७

ग. सदस्य- रविन गुरुङ, कार्यपालिका सदस्य, धरान उपमहानगरपालिका

घ. सदस्य सचिव- वन वातावरण तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख, धरान उपमहानगरपालिका

९. **करार/अस्थायी कर्मचारीको नवीकरण सम्बन्धमा।**

यस धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरुमा कार्यरत आ.व. २०८२/८३ मा कार्य सम्पादन तथा आवश्यकताको अवस्थालाई हेरी अस्थायी/करार कर्मचारीहरुको आ.व. २०८३/८४ का लागि करार सेवा नवीकरण गर्ने निर्णय गरियो।

१०. **O&M गर्ने सम्बन्धमा।**

श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट संगठन तथा व्यवस्थापन सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ जारी भएको र सो मापदण्ड अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नका लागि कार्यपालिकाको स्वीकृति लिनु पर्ने व्यवस्था भएकाले उक्त मापदण्डमा उल्लेख भए अनुसारको समिति गठन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने निर्णय गरियो।

११. **धरान-१७, शाक्यमुनी पथमा अरुण गुसाको घर निर्माण गर्न साइट सेट ब्याक सम्बन्धमा।**

धरान-१७ निवासी अरुण गुसाले आफ्नो नाममा दर्ता रहेको साविक घोपा १ 'ख' कित्ता नं. ३२७० क्षेत्रफल ११ धुरमा घर निर्माण गर्नका लागि नक्शा पेश गरेको र पछि आएर निवेदकको जग्गाको पश्चिम पट्टिबाट साविकको १४ फिट मापदण्ड कायम गरेको शाक्यमुनी पथ बाटोलाई निवेदकको सहमति बिना नै उपभोक्ताहरुले स्तरोन्नति गरी २० फिट निर्माण गरेको हुँदा निवेदकको जग्गामा घर बनाउनका लागि समस्या भई पश्चिम तिरका बाटो शाक्यमुनी तर्फबाट साइट सेटब्याक नछोडिकन घर निर्माण गर्न पाऊँ भनि पेश गरेको निवेदन सम्बन्धमा आजको कार्यपालिका बैठकमा पेश भई छलफल हुँदा धरान

उपमहानगरपालिका भित्रका यस्ता प्रकृतिका स्वीकृति दिनु पर्ने घरहरुको अध्ययनका लागि तपसिल बमोजिमको समिति गठन गरी उक्त समितिबाट अध्ययन गरेको प्रतिवेदनको आधारमा निर्णय गर्ने निर्णय गरियो।

तपसिल

क. संयोजक- टंक बहादुर राई, वडाध्यक्ष, धरान-१२

ख. सदस्य- विवेक राई, वडाध्यक्ष, धरान-१०

ग. सदस्य- मनिष विष्ट, कार्यवाहक वडाध्यक्ष, धरान-१७

घ. सदस्य- मुरारी प्रसाद भट्टराई, वडाध्यक्ष, धरान-१६

ङ. सदस्य- पुर्ण बहादुर लिम्बु, वडाध्यक्ष, धरान-१९

च. सदस्य- सावित्रा परियार, कार्यपालिका सदस्य, धरान उपमहानगरपालिका

छ. सदस्य सचिव- विनय श्रेष्ठ, भवन नियमन तथा नापी शाखा प्रमुख, धरान उपमहानगरपालिका

१२. टाँगा व्यवसायको दररेट सम्बन्धमा।

धरान-५ निवासी देवेन्द्र अधिकारी र धरान-१७ निवासी इन्द्रबहादुर तामाङले धरान नगर क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले
घोडा सहितको टाँगा व्यवसाय सञ्चालन गर्न व्यवसाय दर्ता गरी पाउँ भनि निवेदन पेश गरेको सम्बन्धमा धरान
उपमहानगरपालिकाको आर्थिक ऐन २०८२ को अनुसुची ७ मा टाँगा व्यवसायको दररेट उल्लेख नभएको हुँदा मिति
२०८३/०१/१५ गतेको प्रमुख प्रशासकीय अधिकृत स्तरीय निर्णयबाट विघुतीय रिक्सा सरहको राजश्व लिने भनी भएको
निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

१३. तह वृद्धि तथा तह वृद्धि सिफारिस समिति सम्बन्धमा।

क. पाचौं तहमा कार्यरत अञ्जना लिम्बुको छैटौं तहमा तह वृद्धि सम्बन्धमा।

कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन ऐन) २०८० को दफा २७ अनुसार वर्षमा २
पटक तह वृद्धिका लागि योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आव्हान गर्न सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको र सो
अनुसार मिति २०८२/०८/१५ गतेको सूचना बमोजिम सहायक पाचौं तहमा कार्यरत अन्जना लिम्बुले छैटौं तह वृद्धिका लागि
निवेदन पेश गर्नु भएकोमा निजको छैटौं तहमा तह वृद्धि गर्न द्विविधा उत्पन्न भएकोले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
विराटनगरमा स्पष्टताका लागि लेखि पठाइएकोमा उक्त कार्यालयबाट प्राप्त राय सुझाव समेतको आधार र तह वृद्धि सिफारिस
समितिको मिति २०८३/०१/०६ गतेको सिफारिस अनुसार समायवधी पुगेकै मितिदेखि ज्येष्ठता कायम हुने र मिति
२०८३/०४/०१ गते देखि तलब भत्ता पाउने गरी तह वृद्धि गर्ने निर्णय गरियो।

ख. कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) २०८० को दफा २७ अनुसार
कर्मचारीहरुको तह वृद्धिका लागि वर्षमा २ पटक सूचना प्रकाशन गर्नु पर्ने र सो सूचना अनुसार सिफारिस गर्नका लागि प्रमुख
प्रशासकीय अधिकृतको संयोजकत्वमा गठन हुने सिफारिस समितिमा नगर कार्यपालिकाले तोकेको १ जना महिला सहित २ जना
वरिष्ठ कर्मचारी सदस्य रहने व्यवस्था रहेकाले सो समितिमा वरिष्ठ प्रशासकीय अधिकृत, अधिकृत आठौं तहका श्री गणेश प्रसाद
खतिवडा र अधिकृत आठौं तहका श्री सुशीला अधिकारी प्रसाइलाई सदस्य तोक्ने निर्णय गरियो।

१४. धरान उपमहानगरपालिकाको स्थानीय जलवायु अनुकुल योजना (LAPA) स्वीकृत गर्ने सम्बन्धमा।

धरान उपमहानगरपालिकाबाट तयार गरी वातावरण तथा विपद् व्यवस्थापन महाशाखाबाट स्वीकृतिका लागि पेश भएको धरान
उपमहानगरपालिकाको स्थानीय जलवायु अनुकूलन योजना, २०८३-२०८७ मा छुट भएका विषयहरुमा वडाबाट प्राप्त
सुझावहरुलाई समेत समावेश गर्ने गरी स्थानीय जलवायु अनुकूलन योजना, २०८३-२०८७ स्वीकृत गर्ने निर्णय गरियो। स्वीकृत
योजनालाई छुट्टै प्रमाणित गरी राखिएको छ।

१५. भू-उपयोग क्षेत्र वर्गीकरण आधार तथा मापदण्ड,२०८३ सम्बन्धमा।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा अनिवार्य गरिएको भू-उपयोग नीति निर्माण गरी जग्गाको १० वटा
उपयोग क्षेत्रमा तोक्न जारी गरिएको भू-उपयोग नियमावली २०७९ अनुरुप धरान उपमहानगरपालिकाको जग्गा वर्गीकरण गर्न
तयार पारिएको भू-उपयोग क्षेत्र वर्गीकरण आधार तथा मापदण्ड,२०८३ पारित गर्ने निर्णय गरियो।

१६. नगर शिक्षा योजना स्वीकृत सम्बन्धमा।

नगरपालिकाहरुले कानुन बमोजिम तयार गर्नु पर्ने नगर शिक्षा योजना तर्जुमा गर्न नगर शिक्षा समितिबाट गठन भएको "नगर
शिक्षा योजना तर्जुमा उप समिति" बाट तयार भई नगर शिक्षा समितिको बैठकबाट सिफारिश भै आजको बैठकमा पेश हुन आएको
नगर शिक्षा योजना २०८३-२०९२ स्वीकृत गरी क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो। स्वीकृत नगर शिक्षा योजना छुट्टै
प्रमाणित गरी राखिएको छ।

**१७. योजना सञ्चालन गर्ने सम्बन्धमा।**

(क) धरान १७ स्थित सुसेरा मार्ग साकेला पार्क अगाडिको शेर्पा रिन्जेन गुम्बा भवनमा ट्रस फेर्न र फल्स सिलिंग निर्माण गर्न धरान उपमहानगरपालिकाको ७ लाख र सम्बन्धित संस्थाबाट रु. १,७०,३१२।०१ व्यहोर्ने गरी कुल रु. ८,७०,३१२।०१ को लागत अनुमानमा काम गर्ने गरी प्रकृया अगाडि बढेको र उक्त गुम्बा रहेको जग्गा धरान नगरपालिका सप्तरंगी पार्कको नाममा रहेको र उक्त जग्गा मिति २०५३ चैत्र २४ गतेको तत्कालीन नगरपालिका बोर्ड बैठकको निर्णय अनुसार नेपाल शेर्पा संघ धरान सुनसरीलाई भोगचलन गर्न उपलब्ध गराइएको हुनाले उक्त जग्गामा रहेको साबिकको भवनमा ट्रस फेर्न र फल्स सिलिंग निर्माण गर्ने योजना सञ्चालन गर्ने निर्णय गरियो।

(ख) धरान-११ स्थित लिम्बु संस्कृति उत्थान समाजको भवन रहेको जग्गामा कम्पाउण्ड वाल निर्माण गर्न धरान उपमहानगरपालिकाबाट रु. ३ लाख उपलब्ध गराउने र सम्बन्धित समाजबाट रु. ७८,०६५।५७ व्यहोर्ने गरी कुल लागत रु. ३,७८,०६५।५७ मा काम गर्ने गरी प्रकृया अगाडि बढेकोमा सार्वजनिक जग्गामा रहेको भवनको कम्पाउण्डवाल निर्माणको योजना सञ्चालन गर्ने निर्णय गरियो।

(ग) 'हाम्रो देउराली बाल विकास केन्द्र', धरान-५ स्थित ऐलानी जग्गामा निर्माण भएकोले साविकको भवनमा रंगरोगन, फल्स सिलिंग, फुलबारी निर्माण गर्न धरान उपमहानगरपालिका र वडा बजेटबाट रु. २ लाख उपलब्ध गराउने र सम्बन्धित केन्द्रले रु. २२,५८४।४८ व्यहोर्ने गरी कुल रु. २,२२,५८४।४८ को लागत अनुमानमा प्रकृया अगाडि बढेको सो ऐलानी जग्गामा उक्त योजना सञ्चालन गर्ने निर्णय गरियो।

(घ) धरान-२० स्थित बंशीला देउराली आर्यघाटमा शौचालय र बरण्डा निर्माण गर्न रु. १ लाख धरान उपमहानगरपालिकाबाट उपलब्ध गराउने र बाकी रकम रु. ३७,२२६।६६ सम्बन्धित उपभोक्ता समितिबाट व्यहोर्ने गरी प्रकृया अगाडि बढेकोमा ऐलानी जग्गामा शौचालय निर्माण गर्ने योजना सञ्चालन गर्ने निर्णय गरियो।

(ङ) धरान-१७ स्थित 'सुनौलो पुस्तकालय भवन परिसर' मा घेरावारा गर्न धरान उपमहानगरपालिकाबाट रु. ७० हजार उपलब्ध गराउने र बाकी रकम रु. १८,११३।४१ सम्बन्धित निर्माण समितिले व्यहोर्ने गरी कुल रु. ८८,११३।४१ को लागत अनुमान पेश भएको र उक्त जग्गा उदय सामुदायिक वन उपभोक्ता समूह, धरान-१७ को मिति २०७७।५।१९ को बैठकबाट सुनौलो पुस्तकालयको भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने निर्णय भएको पाइएकोले उक्त पुस्तकालय रहेको भवनमा घेरावारा गर्ने योजना सञ्चालन गर्ने निर्णय गरियो।

**१८. धरान -६ स्थित शान्ता देवी पौडेल खड्काको घरमा टिनको छाना छाएको भुक्तानी दिने सम्बन्धमा।**

(क) धरान-६ पानवारी स्थित इन्द्र प्रस्थ भवनको पूर्वतर्फको पोखरा खोलाको साइडमा रहेको शान्ता देवी पौडेल खड्काको घरमा टिनको छानो छाउन मिति २०८२।०९।२१ को यस उपमहानगरपालिका स्तरीय निर्णयानुसार रु. ६०,१४१।०४ को लागत अनुमानमा २६ गेज मिडियम साइजको सि.जि.आइ. छाना छाउने गरी लागत अनुमान स्वीकृत भएकोमा स्थलगत निरीक्षणको क्रममा सम्बन्धित व्यक्तिले २६ गेजको नभई २६ मि.मि.साइजको सि.जि.आइ. छाना लगाई काम सम्पन्न गरिसकेको पाइएको तर उक्त २६ मि.मि. साइजको सि.जि.आइ. सिट लगाउने व्यवस्था कुनै पनि प्रचलित नर्म्स नभएको तथा नगर दररेटमा समेत समावेश नभएकोले नापी किताबमा चढाई मूल्यांकन गर्न नसकिने भनि योजना तथा इन्जिनियरिङ्ग महाशाखाबाट राय पेश भएको हुनाले मिति २०८२।१०।०६ को ६ नं. वडा कार्यालयको सिफारिस अनुसार निज शान्ता देवी पौडेलको छाना छाउन लागेको बिल अनुसारको खर्च रु. ३९,३८५।०२ (अक्षरुपी उनन्चालिस हजार तीन सय पचासी रुपैया पैसा दुई मात्र) एकमुष्ठ अनुदानको रुपमा उपलब्ध गराउने निर्णय गरियो।

**१९. भेरिएसन आदेश स्वीकृतिको अनुमोदन गर्ने सम्बन्धमा।**

(क) कोशी प्रदेशको रु. ८ लाख सशर्त अनुदान र उपभोक्ता समितिले रु. १,९७,७०४।०९ व्यहोर्ने गरी धरान उपमहानगरपालिका वडा नं. १५ खत्रीधारा स्थित भिगु समाज दाहसंस्कार स्थल निर्माण (ट्रस निर्माण) गर्ने कार्यका लागि धरान उपमहानगरपालिका र भिगु समाज, धरानबीच मिति २०८३।०१।३१ मा सम्झौता भई निर्माण कार्य भई रहेकोमा रुफ ट्रसको डिजाइनमा परिवर्तनका कारणबाट स्वीकृत लागत अनुमानभन्दा ४२.५३% ले घटी हुने गरी पेश भएको परिमार्जित लागत अनुमान एवम् भेरिएसन आदेश स्वीकृत गर्ने मिति २०८३।०३।१९ को नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

- शुरुको सम्झौता रकमः रु. ९,९७,७०४।०९
- भेरिएसन आदेश पश्चात् कायम हुने सम्झौता रकमः रु. ५,७३,२२८।८६

(ख) धरान-८ स्थित खहरे कोरिडोर (हान्सा मार्ग) बाटो निर्माणका लागि प्रदेश सरकारबाट प्राप्त रु. १२ लाख र जनसहभागिता रु. १,३१,०४३।५४ **जुटाई** खहरे साइडमा वाल लगाई बाटो बनाउने कार्यको लागि कुल धरान उपमहानगरपालिका र हान्सा फुटसल साइड वाल निर्माण उपभोक्ता समितिबीच मिति २०८३।०२।२६ मा सम्झौता भई निर्माण कार्य भईरहेकोमा जनसहभागिता बापत योगदान संकलन गर्न नसकेको, मौसम प्रतिकुलका कारण काम गर्ने समय पर्याप्त नभएको कारणले आर्थिक वर्षको अन्त्यसम्ममा पनि निर्धारित काम सम्पन्न हुन सक्ने अवस्था नदेखिएकोले स्वीकृत लागत अनुमानभन्दा ५३.७२% ले घटी हुने गरी पेश भएको परिमार्जित लागत अनुमान एवम् भेरिएसन आदेश स्वीकृत गर्ने मिति २०८३।०३।१२ को नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

- शुरुको सम्झौता रकमः रु. १३,१३,०४३।७०
- भेरिएसन आदेश पश्चात् कायम हुने सम्झौता रकमः रु. ६,१६,७५३।२१

(ग) धरान-१९ स्थित एलोहिम मण्डली मर्मतसम्भारका लागि रु. १,४२,५५४।४४ को लागत अनुमानमा धरान उपमहानगरपालिका र मण्डलीबीच मिति २०८२।०९।१३ मा सम्झौता भई मर्मत कार्य अगाडि बढी रहेकोमा साइटको परिस्थिति अनुसार शुरु सम्झौता रकमको ५२.१६% घटी हुने गरी पेश भएको परिमार्जित लागत अनुमान एवम् भेरिएसन आदेश स्वीकृत गर्ने मिति २०८३।०२।२२ को नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

- शुरुको सम्झौता रकम: रु. १,४२,५५४।४४
- भेरिएसन आदेश पश्चात् कायम हुने सम्झौता रकम: रु. ६८,१९२।५९

(घ) धरान-१३ स्थित सूर्य उदय विकास संस्थाको भवनमा रु. २,४८,८९७।१३ को लागत अनुमानमा इटाको गारो लगाउनका लागि मिति २०८३।०१।०९ मा धरान उपमहानगरपालिका र श्री सूर्य उदय टोल विकास संस्था, धरान १३ बिच भएको सम्झौता बमोजिम निर्माण कार्य भईरहेकोमा साइटको परिस्थिति अनुसार शुरु सम्झौता रकमको २४.९५% ले घटी हुने गरी पेश भएको परिमार्जित लागत अनुमान र भेरिएसन आदेश स्वीकृत गर्ने मिति २०८३।०३।२२ को नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

- शुरुको सम्झौता रकम: रु. २,४८,८९७।१३
- भेरिएसन आदेश पश्चात् कायम हुने सम्झौता रकम: रु. १,८६,७९५।६६

(ङ) धरान १३ स्थित गोल्डेन भिलेज मार्ग RCC निर्माणका लागि रु. १७,२०,५३४।९७ को लागत अनुमानमा मिति २०८३।०१।२२ मा धरान उपमहानगरपालिका र श्री गोल्डेन भिलेज मार्ग बाटो निर्माण उपभोक्ता समिति बिच भएको सम्झौता बमोजिम निर्माण कार्य भईरहेकोमा साइटको परिस्थिति अनुसार शुरु सम्झौता रकमको १७.१३% ले घटी हुने गरी पेश भएको परिमार्जित लागत अनुमान र भेरिएसन आदेश स्वीकृत गर्ने मिति २०८३।०३।२२ को नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

- शूरुको सम्झौता रकम: रु. १७,२०,५३४।९७
- भेरिएसन आदेश पश्चात् कायम हुने सम्झौता रकम: रु. १४,२५,६८९।५८

२०. **नगर प्रहरी तथा वारुणयन्त्र कर्मचारीको सेवा, शर्त सम्बन्धी बनेको ऐन २०८३ सम्बन्धमा।**

धरान उपमहानगरपालिकामा कार्यरत नगर प्रहरी तथा वारुणयन्त्र कर्मचारीको सेवा, शर्त सम्बन्धी बनेको ऐन २०८३ आजको बैठकमा पेश भई छलफल भएर स्वीकृत गरियो। उक्त ऐन अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

२१. **संस्थागत विद्यालय वर्गीकरण समिति अनुमोदन साथै संस्थागत विद्यालय वर्गीकरण/स्तरीकरण फाराम स्वीकृत गर्ने सम्बन्धमा।**

शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ मा भएको व्यवस्था अनुसार नगर क्षेत्रमा सञ्चालनमा रहेका संस्थागत विद्यालयको वर्गीकरणका लागि नगर शिक्षा समितिबाट गठन भएको 'विद्यालय वर्गीकरण समिति' लाई अनुमोदन गर्ने निर्णय गरियो। साथै संस्थागत विद्यालय वर्गीकरण/स्तरीकरणका लागि तयार गरिएको फारम समेत स्वीकृत गर्ने निर्णय गरियो।

२२. **याक्थुङ लिम्बू भाषा र बान्तावा राई भाषालाई सरकारी कामकाजी भाषा लागु गर्ने, स्थानीय सरकारी कामकाजको किरात सिरिजङ्गा लिपि तथा लिम्बू/याकथुङ भाषा ऐन २०८३ नगरसभाबाट पारित गरी कार्यान्वयनमा ल्याउने र ऐतिहासिक प्राचिन लिम्बुवान विजयपुर दरबार र परिसर सूचिकरण/अभिलेखिकरण तथा संरक्षण गर्ने सम्बन्धमा।**

धरान उपमहानगरपालिकामा याक्थुङ लिम्बू भाषा र बान्तावा राई भाषालाई स्थानीय सरकारी कामकाजी भाषाका रूपमा लागू गर्ने, किरात सिरिजङ्गा लिपि तथा लिम्बू/याक्थुङ भाषा ऐन, २०८३ नगरसभाबाट पारित गरी कार्यान्वयनमा ल्याउने तथा ऐतिहासिक प्राचीन लिम्बुवान विजयपुर दरबार र परिसरको सूचिकरण, अभिलेखीकरण र संरक्षण गर्ने सम्बन्धमा यस कार्यालयमा प्राप्त निवेदन तथा ज्ञापन पत्रहरु सम्बन्धमा आवश्यक अध्ययन, विश्लेषण तथा कार्ययोजना तयार गर्न देहाय बमोजिमको एक अध्ययन समिति गठन गर्ने निर्णय गरियो।

**तपसिल**

क. संयोजक- नगर प्रमुख, धरान उपमहानगरपालिका
ख. सदस्य- विद्या शाक्य, वडाध्यक्ष, धरान-३
ग. सदस्य- धनबहादुर राई, वडाध्यक्ष, धरान-८
घ. सदस्य- लोकेन्द्र कुमार फागु, वडाध्यक्ष, धरान-११
ङ. सदस्य- कृष्णप्रसाद भट्टराई, वडाध्यक्ष, धरान-१४
च. सदस्य- पुर्ण बहादुर लिम्बु, वडाध्यक्ष, धरान-१९
छ. सदस्य- अनुप देवान, कार्यपालिका सदस्य, धरान उपमहानगरपालिका
ज. सदस्य- सावित्रा परियार, कार्यपालिका सदस्य, धरान उपमहानगरपालिका
झ. सदस्य सचिव- प्रमुख प्रशासकीय अधिकृत, धरान उपमहानगरपालिका

उक्त समितिले आफ्नो कार्यविवरण आफै तयार गरी स्वीकृतिका लागि पेश गर्ने तथा स्वीकृति पश्चात आवश्यक अध्ययन, समन्वय र अन्य आवश्यक कार्यबाही अगाडि बढाउने निर्णय समेत गरियो।

२३. **व्यक्तिको नाममा रहेका सडकहरु नेपाल सरकारको नाममा कायम गर्ने सम्बन्धमा।**

यस उपमहानगरपालिकाको वडा नं. १९ बाट अनुरोध भई आए अनुसार वडामा बनेका सार्वजनिक सडक निर्माण गर्दा व्यक्तिले आफ्नो नाममा रहेको जग्गा छाडी सडक निर्माण भई सकेको तर जग्गा भने व्यक्तिको नाममा रहिरहेकोले त्यस्तो व्यक्तिको जग्गा लगत संकलन गरी लगत कट्टा गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

२४. **भूमिहिन दलित ,भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन फारम प्रमाणीकरण सम्बन्धमा।**

यस उपमहानगरपालिकाबाट भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको संकलन भएको लगतलाई प्रमाणीकरण गरी पठाउनु पर्ने व्यवस्था अनुसार सबै वडाबाट प्रमाणीकरण गरी पठाउने र सो पश्चात नगर स्तरीय सहजीकरण समितिबाट प्रमाणीकरण गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

२५. **बाटोको नाम परिवर्तन सम्बन्धमा।**

धरान उपमहानगरपालिका वडा नं. ११ स्थित संघर्ष चोकको दक्षिण पश्चिममा रहेको बाटोलाई सृजना मार्ग लुप नामाकरण गरिएको उक्त स्थानमा धेरै वटा बाटो सृजना मार्ग लुप भनी नामाकरण भएकोले काम गर्न अफ्ट्यारो भएको हुँदा बाटोको नाम खुवालुङ पथ परिवर्तन गरी पाउँ भनि सम्बन्धित उपभोक्ता समिति, वडाको सिफारिश प्राप्त भएकोले यस धरान उपमहानगरपालिका भवन नियमन तथा नापी शाखाको रायको आधारमा बाटोको नाम परिवर्तन गर्न मनासिव भएको हुँदा खुवालुङ पथ भनि परिवर्तन गर्ने निर्णय गरियो।

२६. **संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि सम्बन्धमा।**

संस्थागत विद्यालयहरुले विद्यार्थीहरुलाई उपलब्ध गराउनु पर्ने छात्रवृत्ति वितरण तथा व्यवस्थापन सम्बन्धमा शिक्षा महाशाखाबाट तयार गरिएको कार्यविधिको मस्यौदा आजको बैठकमा पेश भयो सो सम्बन्धमा विस्तृत अध्ययन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।

२७. **सामी कार्यक्रमको निरन्तरता सम्बन्धमा।**

यस उपमहानगरपालिकामा सञ्चालनमा रहेको सुरक्षित वैदेशिक रोजगार सम्बन्धी (सामी) कार्यक्रम यस आ.व. २०८३/८४ मा पनि निरन्तर सञ्चालन गर्ने निर्णय गरियो।

आजको बैठक दिनको २ बजे समाप्त भयो।

२०८३/४/१६

"शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापारिक पूर्वाधारः बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY

# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

आर्थिक प्रशासन महाशाखा

धरान, सुनसरी, नेपाल

Dharan, Sunsari, Nepal

प.सं. ८/१५

च.नं. ८४

फोनः ०२५-५७१५११

एक्स्टेन्सनः २०८, २०९

मिति २०८३/०४/०५

ने.सं. ११४६ दिल्लाथ्वः ८, मंगलबार

विषयः विषयगत बजेट सीमा सम्बन्धमा।

श्री आर्थिक विकास समिति,

श्री बन, वातावरण तथा विपद् व्यवस्थापन समिति,

श्री सामाजिक विकास समिति,

श्री पूर्वाधार विकास समिति,

श्री सुशासन तथा संस्थागत विकास समिति

धरान उपमहानगरपालिका।

प्रस्तुत विषयमा यस उपमहानगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सिलसिलामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको** मिति २०८३/०३/३० गते तथा नगर कार्यपालिकाको मिति २०८३/०४/०५को बैठकको निर्णयसमेतको आधारमा तयार भएको **विषयगत बजेट सीमा** यसैसाथ संलग्न गरी पठाइएको छ। सम्बन्धित शाखा/महाशाखासँग समन्वय गरी तोकिएको बजेट सीमाभित्र रही देहायका मार्गदर्शनको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गरी मिति २०८३/०४/११ भित्रमा Traditional Nepali Unicode को Kalimati Font मा Excel Sheet मा कार्यालयको इमेल ठेगाना info@dharan.gov.np तथा finance@dharan.gov.np मा Soft Copy र प्रमाणित सक्कल प्रति समेत पठाउनहुन अनुरोध छ।

**बजेटको मार्गदर्शनः**

१. राष्ट्रिय नीति र प्रदेश नीतिलाई प्राथमिकता दिई योजना तथा कार्यक्रम तर्जुमा गर्ने साथै अन्तर्राष्ट्रिय कानुन र सन्धी सम्झौता विपरीत नहुने किसिमका कार्यक्रमहरु मात्र प्रस्ताव गर्ने,

२. चालु आ.व.मा काम भई सम्पन्न/ भुक्तानी हुन बाँकी आयोजना तथा कार्यक्रमहरुलाई पहिलो प्राथमिकता दिने,

३. शाखासँग सम्बन्धित कार्यक्रमका कर्मचारीहरु भए आवश्यक ज्याला तथा नियमित प्रशासनिक खर्चहरुको लागि विनियोजन गर्ने,

४. कार्यक्रम वा आयोजना छनौट गर्दा सामाजिक समावेशीकरणलाई ध्यानमा राख्ने,

५. कार्यालयलाई दीर्घकालीन दायित्व सिर्जना हुने आयोजनाहरु छनौट नगर्ने,

६. धेरै साना टुक्रे आयोजना तथा कार्यक्रमहरु छनौट नगर्ने,

७. चालु खर्च भन्दा पूँजीगत खर्चको आकार बढी हुनुपर्ने आदि।

२०८३।४।५

तीर्थराज राई

प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थः**

श्रीमान् का.वा. प्रमुखज्यू

२०८३।४।०५

2083/03/30

धरान उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय, सुनसरी

| सि.नं. | आयका स्रोतहरुको विवरण | २०८३/०८४ को अनुमान |
|---|---|---|
| १ | आन्तरिक स्रोतबाट प्राप्त हुने | ३४,६५,५०,०००.०० |
| २ | संघीय समानिकरण अनुदान | २८,७९,००,०००.०० |
| ३ | प्रदेश समानिकरण अनुदान | २,७८,९६,०००.०० |
| ४ | राजस्व बाँडफाँट | ३२,८८,९१,०००.०० |
| ५ | बैंक मौज्दात | ७,००,००,०००.०० |
| ६ | थप स्रोत परिचालन | ५,६६,६०,०००.०० |
| ७ | अन्य क्षेत्रको आय | ९९,६२,७८,०००.०० |
| | **नगरसभाबाट विनियोजन हुनसक्ने जम्मा रकम :** | **२,११,४१,७५,०००.००** |
| | सशर्त, विशेष र समपुरक अनुदानका कार्यक्रम वापतको रकम : | ६३,७७,५२,०००.०० |
| | सडक वोर्ड नेपालसंग साझेदारी वापत प्राप्त हुने रकम : | १,००,००,०००.०० |
| | **जम्मा :** | **२,७६,१९,२७,०००.००** |

## आ.व. २०८३।८४ को क्षेत्रगत बजेट सीमा

| [illegible] | [illegible] | [illegible] |
|---|---|---|
| **१** | **वन वातावरण तथा विपद व्यवस्थापन** | **३,६५,७५,०००.००** |
| | साविक गाविस क्षेत्रमा खानेपानी व्यवस्थापन | १०,००,०००.०० |
| | वृक्षरोपण र नर्सरी/बिरुवा हेरालु/नर्सरी संचालन | २४,००,०००.०० |
| | विपद व्यवस्थापन कार्यक्रम | १२,२५,०००.०० |
| | विपद व्यवस्थापन कोष | २,००,००,०००.०० |
| | वातावरण संरक्षण/सरसफाई प्रवर्द्धन कार्यक्रम | १,१९,५०,०००.०० |
| **२** | **आर्थिक विकास (पर्यटन, उद्योग, सहकारी, कृषि, पशुपंक्षी)** | **५,८०,००,०००.००** |
| | उद्योग | २,००,०००.०० |
| | पर्यटन प्रवर्द्धन | ३०,००,०००.०० |
| | कृषि (सिंचाई/औजार/तालीम समेत) | ९,००,०००.०० |
| | पशुपंक्षी | १५,००,०००.०० |
| | सहकारी | ३,००,०००.०० |
| | स्वरोजगार म्याचिङ्ग कार्यक्रम | ५,००,०००.०० |
| | सङ्कटग्रस्त सहकारीको समस्या समाधान र चक्रिय कोष | ५,००,००,०००.०० |
| | धरान संगीत प्रतिष्ठान | ३,००,०००.०० |
| | अन्तराष्ट्रिय साहित्यिक महोत्सव | ३,००,०००.०० |
| | भाषा संस्कृती, कला, साहित्य | १०,००,०००.०० |
| **३** | **सामाजिक विकास** | **९,६१,००,०००.००** |
| | सडक बालबालिका तथा मानव व्यवस्थापन गर्ने संघसंस्था सहयोग | १५,००,०००.०० |
| | सडक मानव तथा सडक आश्रित मानव मुक्त साझेदारी कार्यक्रम (मानव सेवा आश्रमसंगको) | २०,००,०००.०० |
| | असहाय, अनाथ सहयोग कार्यक्रम | १०,००,०००.०० |
| | अपाङ्गता रोकथाम तथा पुनर्स्थापन कार्यक्रम | २,००,०००.०० |
| | युवा तथा खेलकुद (मेयर ओलम्पिक्स समेत) | १,८५,००,०००.०० |

२०८३।४।५

तीर्थराज राई

| | | |
|---|---|---|
| | बुढासुव्वा गोल्ड कप | २०,००,०००.०० |
| | एन्फा | २०,००,०००.०० |
| | स्काउट कार्यक्रम | १०,००,०००.०० |
| | शिक्षा(शिक्षक तथा शैक्षिक सुधार समेत) | २,२५,००,०००.०० |
| | **स्वास्थ्य**<br>स्वास्थ्य महाशाखा तर्फ रु. ४,०४,६२०००.००<br>आयुर्वेदतर्फ रु. १२,४०,०००.०० | ४२,००,०००.०० |
| | नगर अस्पताल | २,००,००,०००.०० |
| | औषधि खरिद | २०,००,०००.०० |
| | वी पी कोइराला स्वा वि प्र सहकार्यमा कार्यक्रम | ५०,००,०००.०० |
| | विपन्न परिवारको लागि खत्रीधारा दाहसंस्कार साझेदारी | १०,००,०००.०० |
| | भानुचोकमा दैनिक विविध जातीय सांस्कृतिक नृत्य तथा झाँकी प्रदर्शन | १५,००,०००.०० |
| | लैंससास | ८०,००,०००.०० |
| | कानुन तथा न्याय (वारेश खर्च/ मुद्दा खर्च १० लाख समेत) | २०,००,०००.०० |
| | धार्मिक संघसंस्था | १७,००,०००.०० |
| ४ | **सुशासन तथा संस्थागत विकास** | **२,३०,००,०००.००** |
| | संस्थागत क्षमता विकास | ४,००,०००.०० |
| | बजार व्यवस्थापन/अनुगमन सामाग्री/बैठक | ३,००,०००.०० |
| | राजस्व सुधार | ३५,००,०००.०० |
| | स्थलगत सूचना तथा कर संकलन टोली परिचालन | १८,००,०००.०० |
| | सूचना तथा संचार | २३,००,०००.०० |
| | नेपाल पत्रकार महासंघ सहकार्य कार्यक्रम | १०,००,०००.०० |
| | चालु परामर्श/DPR | ५,००,०००.०० |
| | कर्मचारी क्षमता विकास कार्यक्रम | ३०,००,०००.०० |
| | सेवाकालिन तालिम (अधिकृत तह ७/८) | २५,००,०००.०० |
| | सार्वजनिक सुनुवाई | १,००,०००.०० |
| | व्यवसाय प्रबर्द्धन कार्यक्रम (उद्योग वाणिज्य संघ सहकार्य) | १०,००,०००.०० |
| | घर नक्सा डिजिटल हस्ताक्षर नविकरण | ३,००,०००.०० |
| | घर नक्सा प्राविधिकहरुलाई Steel Structure सम्बन्धी तालिम | २,००,०००.०० |
| | चाँगुनारायण फाउण्डेशनसंगको साझेदारी | १०,००,०००.०० |
| | LGPAS को अभिमुखिकरण कार्यक्रम | १,००,०००.०० |
| | सुकुम्वासी व्यवस्थापन/अव्यवस्थित घर नम्बरीङ कार्यक्रम | ५०,००,०००.०० |
| ५ | **पूर्वाधार विकास** | **१,०२,६८,००,०००.००** |
| | समपुरक कोष | |
| | क्रमागत आयोजना (यस आ.व.को दायित्व सरी जाने) | ६०,००,००,०००.०० |

तीर्थराज राई

2083/03/30

| | | |
|---|---|---|
| | नगर गौरवका आयोजनाहरु | १२,००,००,०००.०० |
| | खाल्डामखुल्डी मुक्त कालोपत्रे सडक कार्यक्रम | ५,००,००,०००.०० |
| | भानुचोक सौन्दर्यीकरण (संस्कृति झल्कने स्टेज साथै अन्य) | १,००,००,०००.०० |
| | विभिन्न पार्क तथा अन्य पूर्वाधार | १,००,००,०००.०० |
| | तीनकुने सुन्दरवस्ती सडक, ढल निर्माण | २,००,००,०००.०० |
| | पुष्पलाल मार्ग, वडा नं. १५ सडक मर्मत (वन वे सडक) | १,५०,००,०००.०० |
| | अन्य पूर्वाधारका कार्यक्रमहरु: | २,००,००,०००.०० |
| | पूर्वाधार निर्माण | १५,००,००,०००.०० |
| | मर्मत कोष | १,००,००,०००.०० |
| | भगवती आधारभूत विद्यालय पूर्वधार निर्माण | २५,००,०००.०० |
| | विष्णुपादुका विश्रमालयको तेस्रोतलामा ट्रस लगाउने | १५,००,०००.०० |
| | डिपोट माध्यामिक विद्यालय पूर्वाधार विकास कार्यक्रम | ४०,००,०००.०० |
| | साँस्कृतीक वडा प्रवर्द्धन कार्यक्रम | ३,००,०००.०० |
| | मुन्धुम यक धरान २० | १५,००,०००.०० |
| | युमा साम्योग | १५,००,०००.०० |
| | आधारभूत महिला समुह भवन धरान १५ | १५,००,०००.०० |
| | धरान १८ गुम्बा २ वटा | ३०,००,०००.०० |
| | नमूना वस्ती ट्रस पुल निर्माण | ४०,००,०००.०० |
| | नमूना वस्ती व्यवस्थापन | १०,००,०००.०० |
| | हिमालयन गुम्बा धरान ८ | १०,००,०००.०० |
| ६ | **अन्य** | **५६,८७,००,०००.००** |
| | कार्यालय सञ्चालन प्रशासनिक खर्च | ५२,००,००,०००.०० |
| | प्रमुख कोष | १,५०,००,०००.०० |
| | कार्यपालिका सदस्यहरुको सिफारिसमा हुने कार्यक्रमहरु | ६०,००,०००.०० |
| | संस्थागत, व्यक्तिगत अनुदान सहयोग: | ४०,००,०००.०० |
| | यातायात व्यवसाय तथा बस पार्क व्यवस्थापन कार्यक्रम | ४५,००,०००.०० |
| | लेखापरीक्षण तथा लेखा समिति अनुगमन, सञ्चालन खर्च | २,००,०००.०० |
| | अन्य निकायको साझेदारी (म्याचिङ्) | ६०,००,०००.०० |
| | डोजर/रोलर/ट्रिपर (ईन्धन, मर्मत समेत) | ६०,००,०००.०० |
| | ट्रायल सेन्टर | ५०,००,०००.०० |
| | सटल बस व्यवस्थापन | २०,००,०००.०० |
| ७ | **वडागत बजेट** | **२७,५०,००,०००.००** |
| | २०८१।०८२ को वडागत बजेट | २६,००,००,०००.०० |
| | वडागत दायित्व | १,५०,००,०००.०० |
| ८ | **नगर भिजन कार्यक्रम** | **३,००,००,०००.००** |
| | जम्मा क्षेत्रगत विनियोजन आन्तरिक : | २,११,४१,७५,०००.०० |
| | सशर्त/ समपुरक/ विशेष अनुदानका कार्यक्रमहरु : | ६४,७७,५२,०००.०० |
| | कुल जम्मा विनियोजन : | २,७६,१९,२७,०००.०० |

तीर्थराज राई

प्रमुख प्रशासकीय अधिकृत

"शिक्षा, स्वास्थ्य, पर्यटन र व्यापारिक पूर्वाधारः बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

धरान उपमहानगरपालिका

DHARAN SUB-METROPOLITAN CITY

# नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

आर्थिक प्रशासन महाशाखा

धरान, सुनसरी, नेपाल

Dharan, Sunsari, Nepal

प.सं. ८/१५

च.नं. ८४

फोनः ०२५-५७१५११

एक्स्टेन्सनः २०८, २०९

मिति २०८३/०४/०५

ने.सं. ११४६ दिल्लाथ्वः ८, मंगलबार

विषयः त्रिषयगत बजेट सीमा सम्बन्धमा।

श्री आर्थिक विकास समिति,

श्री वन, वातावरण तथा विपद् व्यवस्थापन समिति,

श्री सामाजिक विकास समिति,

श्री पूर्वाधार विकास समिति,

श्री सुशासन तथा संस्थागत विकास समिति

धरान उपमहानगरपालिका।

प्रस्तुत विषयमा यस उपमहानगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सिलसिलामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको** मिति २०८३/०३/३० गते तथा नगर कार्यपालिकाको मिति २०८३/०४/०५को बैठकको निर्णयसमेतको आधारमा तयार भएको **विषयगत बजेट सीमा** यसैसाथ संलग्न गरी पठाइएको छ। सम्बन्धित शाखा/महाशाखासँग समन्वय गरी तोकिएको बजेट सीमाभित्र रही देहायका मार्गदर्शनको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गरी मिति २०८३/०४/११ भित्रमा Traditional Nepali Unicode को Kalimati Font मा Excel Sheet मा कार्यालयको इमेल ठेगाना info@dharan.gov.np तथा finance@dharan.gov.np मा Soft Copy र प्रमाणित सक्कल प्रति समेत पठाउनहुन अनुरोध छ।

बजेटको मार्गदर्शनः

१. राष्ट्रिय नीति र प्रदेश नीतिलाई प्राथमिकता दिई योजना तथा कार्यक्रम तर्जुमा गर्ने साथै अन्तर्राष्ट्रिय कानुन र सन्धी सम्झौता विपरीत नहुने किसिमका कार्यक्रमहरु मात्र प्रस्ताव गर्ने,
२. चालु आ.व.मा काम भई सम्पन्न/ भुक्तानी हुन बाँकी आयोजना तथा कार्यक्रमहरुलाई पहिलो प्राथमिकता दिने,
३. शाखासँग सम्बन्धित कार्यक्रमका कर्मचारीहरु भए आवश्यक ज्याला तथा नियमित प्रशासनिक खर्चहरुको लागि विनियोजन गर्ने,
४. कार्यक्रम वा आयोजना छनौट गर्दा सामाजिक समावेशीकरणलाई ध्यानमा राख्ने,
५. कार्यालयलाई दीर्घकालीन दायित्व सिर्जना हुने आयोजनाहरु छनौट नगर्ने,
६. धेरै साना टुक्रे आयोजना तथा कार्यक्रमहरु छनौट नगर्ने,
७. चालु खर्च भन्दा पूँजीगत खर्चको आकार बढी हुनुपर्ने आदि।

अवगतार्थः

श्रीमान् का.वा. प्रमुखज्यू

२०८३।०४।०५

२०८३।०४।०५

तीर्थराज राई

प्रमुख प्रशासकीय अधिकृत

धरान उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय, सुनसरी

| सि.नं. | आयका स्रोतहरुको विवरण | २०८३/०८४ को अनुमान |
|---|---|---|
| १ | आन्तरिक स्रोतबाट प्राप्त हुने | ३४,६५,५०,०००.०० |
| २ | संघीय समानिकरण अनुदान | २८,७९,००,०००.०० |
| ३ | प्रदेश समानिकरण अनुदान | २,७८,९६,०००.०० |
| ४ | राजस्व बाँडफाँट | ३२,८८,९१,०००.०० |
| ५ | बैंक मौज्दात | ७,००,००,०००.०० |
| ६ | थप स्रोत परिचालन | ५,६६,६०,०००.०० |
| ७ | अन्य क्षेत्रको आय | ९९,६२,७८,०००.०० |
| | **नगरसभाबाट विनियोजन हुनसक्ने जम्मा रकम :** | **२,११,४१,७५,०००.००** |
| | सशर्त, विशेष र समपुरक अनुदानका कार्यक्रम वापतको रकम : | ६३,७७,५२,०००.०० |
| | सडक वोर्ड नेपालसंग साझेदारी वापत प्राप्त हुने रकम : | १,००,००,०००.०० |
| | **जम्मा :** | **२,७६,१९,२७,०००.००** |

## आ.व. २०८३।८४ को क्षेत्रगत बजेट सीमा

| क्र.सं | क्षेत्र | प्रस्तावीत बजेट सीमा |
|---|---|---|
| **१** | **वन वातावरण तथा विपद व्यवस्थापन** | **३,६५,७५,०००.००** |
| | साविक गाविस क्षेत्रमा खानेपानी व्यवस्थापन | १०,००,०००.०० |
| | वृक्षरोपण र नर्सरी/बिरुवा हेरालु/नर्सरी संचालन | २४,००,०००.०० |
| | विपद व्यवस्थापन कार्यक्रम | १२,२५,०००.०० |
| | विपद व्यवस्थापन कोष | २,००,००,०००.०० |
| | वातावरण संरक्षण/सरसफाई प्रवर्द्धन कार्यक्रम | १,१९,५०,०००.०० |
| **२** | **आर्थिक विकास (पर्यटन, उद्योग, सहकारी, कृषि, पशुपंक्षी)** | **५,८०,००,०००.००** |
| | उद्योग | २,००,०००.०० |
| | पर्यटन प्रवर्द्धन | ३०,००,०००.०० |
| | कृषि (सिंचाई/औजार/तालीम समेत) | ९,००,०००.०० |
| | पशुपंक्षी | १५,००,०००.०० |
| | सहकारी | ३,००,०००.०० |
| | स्वरोजगार म्याचिङ कार्यक्रम | ५,००,०००.०० |
| | सङ्कटग्रस्त सहकारीको समस्या समाधान र चकिय कोष | ५,००,००,०००.०० |
| | धरान संगीत प्रतिष्ठान | ३,००,०००.०० |
| | अन्तराष्ट्रिय साहित्यिक महोत्सव | ३,००,०००.०० |
| | भाषा संस्कृती, कला, साहित्य | १०,००,०००.०० |
| **३** | **सामाजिक विकास** | **९,६१,००,०००.००** |
| | सडक बालवालिका तथा मानव व्यवस्थापन गर्ने संघसंस्था सहयोग | १५,००,०००.०० |
| | सडक मानव तथा सडक आश्रित मानव मुक्त साझेदारी कार्यक्रम (मानव सेवा आश्रमसंगको) | २०,००,०००.०० |
| | असहाय, अनाथ सहयोग कार्यक्रम | १०,००,०००.०० |
| | अपाङ्गता रोकथाम तथा पुनर्स्थापन कार्यक्रम | २,००,०००.०० |
| | युवा तथा खेलकुद (मेयर ओलम्पिक्स समेत) | १,८५,००,०००.०० |

2083/03/30

| क्र.स. | क्षेत्र | प्रस्तावीत बजेट सीमा |
|---|---|---|
| | बुढासुव्वा गोल्ड कप | २०,००,०००.०० |
| | एन्फा | २०,००,०००.०० |
| | स्काउट कार्यक्रम | १०,००,०००.०० |
| | शिक्षा(शिक्षक तथा शैक्षिक सुधार समेत) | २,२५,००,०००.०० |
| | **स्वास्थ्य**<br>स्वास्थ्य महाशाखा तर्फ रु. ४,०४,६२०००.००<br>आयुर्वेदतर्फ रु. १२,४०,०००.०० | ४२,००,०००.०० |
| | नगर अस्पताल | २,००,००,०००.०० |
| | औषधि खरिद | २०,००,०००.०० |
| | वी पी कोइराला स्वा वि प्र सहकार्यमा कार्यक्रम | ५०,००,०००.०० |
| | विपन्न परिवारको लागि खत्रीधारा दाहसंस्कार साझेदारी | १०,००,०००.०० |
| | भानुचोकमा दैनिक विविध जातीय सांस्कृतिक नृत्य तथा झाँकी प्रदर्शन | १५,००,०००.०० |
| | लैंससास | ८०,००,०००.०० |
| | कानुन तथा न्याय (वारेश खर्च/ मुद्दा खर्च १० लाख समेत) | २०,००,०००.०० |
| | धार्मिक संघसंस्था | १७,००,०००.०० |
| ४ | **सुशासन तथा संस्थागत विकास** | **२,३०,००,०००.००** |
| | संस्थागत क्षमता विकास | ४,००,०००.०० |
| | बजार व्यवस्थापन/अनुगमन सामाग्री/बैठक | ३,००,०००.०० |
| | राजस्व सुधार | ३५,००,०००.०० |
| | स्थलगत सूचना तथा कर संकलन टोली परिचालन | १८,००,०००.०० |
| | सूचना तथा संचार | २३,००,०००.०० |
| | नेपाल पत्रकार महासंघ सहकार्य कार्यक्रम | १०,००,०००.०० |
| | चालु परामर्श/DPR | ५,००,०००.०० |
| | कर्मचारी क्षमता विकास कार्यक्रम | ३०,००,०००.०० |
| | सेवाकालिन तालिम (अधिकृत तह ७/८) | २५,००,०००.०० |
| | सार्वजनिक सुनुवाई | १,००,०००.०० |
| | व्यवसाय प्रबर्द्धन कार्यक्रम (उद्योग वाणिज्य संघ सहकार्य) | १०,००,०००.०० |
| | घर नक्सा डिजिटल हस्ताक्षर नविकरण | ३,००,०००.०० |
| | घर नक्सा प्राविधिकहरुलाई Steel Structure सम्बन्धी तालिम | २,००,०००.०० |
| | चाँगुनारायण फाउण्डेशनसंगको साझेदारी | १०,००,०००.०० |
| | LGPAS को अभिमुखिकरण कार्यक्रम | १,००,०००.०० |
| | सुकुम्वासी व्यवस्थापन/अव्यवस्थित घर नम्बरीङ कार्यक्रम | ५०,००,०००.०० |
| ५ | **पूर्वाधार विकास** | **१,०२,६८,००,०००.००** |
| | समपुरक कोष | |
| | क्रमागत आयोजना (यस आ.व.को दायित्व सरी जाने) | ६०,००,००,०००.०० |

| क्र.सं. | क्षेत्र | प्रस्तावीत बजेट सीमा |
|---|---|---|
| | नगर गौरवका आयोजनाहरु | १२,००,००,०००.०० |
| | खाल्डामखुल्डी मुक्त कालोपत्रे सडक कार्यक्रम | ५,००,००,०००.०० |
| | भानुचोक सौन्दर्यीकरण (संस्कृति झल्कने स्टेज साथै अन्य) | १,००,००,०००.०० |
| | विभिन्न पार्क तथा अन्य पूर्वाधार | १,००,००,०००.०० |
| | तीनकुने सुन्दरवस्ती सडक, ढल निर्माण | २,००,००,०००.०० |
| | पुष्पलाल मार्ग, वडा नं. १५ सडक मर्मत (वन वे सडक) | १,५०,००,०००.०० |
| | अन्य पूर्वाधारका कार्यक्रमहरु: | २,००,००,०००.०० |
| | पूर्वाधार निर्माण | १५,००,००,०००.०० |
| | मर्मत कोष | १,००,००,०००.०० |
| | भगवती आधारभूत विद्यालय पूर्वधार निर्माण | २५,००,०००.०० |
| | विष्णुपादुका विश्रमालयको तेस्रोतलामा ट्रस लगाउने | १५,००,०००.०० |
| | डिपोट माध्यामिक विद्यालय पूर्वाधार विकास कार्यक्रम | ४०,००,०००.०० |
| | साँस्कृतीक वडा प्रबर्द्धन कार्यक्रम | ३,००,०००.०० |
| | सुन्धुम यक धरान २० | १५,००,०००.०० |
| | युमा साम्योग | १५,००,०००.०० |
| | आधारभूत महिला समुह भवन धरान १५ | १५,००,०००.०० |
| | धरान १८ गुम्बा २ वटा | ३०,००,०००.०० |
| | नमूना वस्ती ट्रस पुल निर्माण | ४०,००,०००.०० |
| | नमूना वस्ती व्यवस्थापन | १०,००,०००.०० |
| | हिमालयन गुम्बा धरान ८ | १०,००,०००.०० |
| ६ | **अन्य** | **५६,८७,००,०००.००** |
| | कार्यालय सञ्चालन प्रशासनिक खर्च | ५२,००,००,०००.०० |
| | प्रमुख कोष | १,५०,००,०००.०० |
| | कार्यपालिका सदस्यहरुको सिफारिसमा हुने कार्यक्रमहरु | ६०,००,०००.०० |
| | संस्थागत, व्यक्तिगत अनुदान सहयोग: | ४०,००,०००.०० |
| | यातायात व्यवसाय तथा बस पार्क व्यवस्थापन कार्यक्रम | ४५,००,०००.०० |
| | लेखापरीक्षण तथा लेखा समिति अनुगमन, सञ्चालन खर्च | २,००,०००.०० |
| | अन्य निकायको साझेदारी (म्याचिङ्) | ६०,००,०००.०० |
| | डोजर/रोलर/ट्रिपर (ईन्धन, मर्मत समेत) | ६०,००,०००.०० |
| | ट्रायल सेन्टर | ५०,००,०००.०० |
| | सटल बस व्यवस्थापन | २०,००,०००.०० |
| ७ | **वडागत बजेट** | **२७,५०,००,०००.००** |
| | २०८१।०८२ को वडागत बजेट | २६,००,००,०००.०० |
| | वडागत दायित्व | १,५०,००,०००.०० |
| ८ | **नगर भिजन कार्यक्रम** | **३,००,००,०००.००** |
| | **जम्मा क्षेत्रगत विनियोजन आन्तरिक :** | **२,११,४१,७५,०००.००** |
| | सशर्त/ समपुरक/ विशेष अनुदानका कार्यक्रमहरु : | ६४,७७,५२,०००.०० |
| | **कुल जम्मा विनियोजन :** | **२,७६,१९,२७,०००.००** |